# निर्धन उत्थान बैंक लिमिटेडको

## १८ औं बार्षिक साधारण सभाको

## काम कारवाहीको विवरण

## मिनट

२०७३ मंसिर १२ गते आईतबार

निर्धन उत्थान बैंक लिमिटेड

केन्द्रीय कार्यालय, भगवतीबहाल, नक्साल, काठमाण्डौ ।

# निर्धन उत्थान बैंक लिमिटेडका

१८ औं बार्षिक साधारण सभाको
काम कारवाहीको विवरण
(मिनट)

१. **वैधानिक सभा:**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको अठारौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री गणेश वहादुर थापाको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरू उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय:**

**मिति:** २०७३ मंसीर १२ गते, आइतवार (२७ नोभेम्बर २०१६)

**स्थान:** यस बैंकको केन्द्रीय कार्यालयसंगै दक्षिण तर्फ रहेको Celebaration Banquet पाटी प्यालेस भगबतीबहाल, नक्साल, काठमाडौंको सभास्थलमा ।

**समय:** बिहान १०:३० बजे सुरू भई अपरान्ह १:०० बजे सम्पन्न भएको ।

३. **सभाको सूचना:**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको अठारौं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक बर्ष २०७२/७३ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू समेत शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७३।०७।१८ गते बिहिबारको राष्ट्रिय दैनिक "अभियान" र मिति २०७३।०७।१९ गते शुक्रबारको "नागरिक" राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, समय र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरूमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **छलफलको बिषय:**

**(क) सामान्य प्रस्तावहरू:**

**क. सामान्य प्रस्ताव:**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट प्रस्तुत हुने आर्थिक बर्ष २०७२/७३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७२।७३ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस बैंकको आर्थिक बर्ष २०७३/७४ को लेखापरिक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट शिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने

र निजको पारिश्रमिक तोक्ने । (हाल बहालवाला लेखापरीक्षक श्री एनबिएसएम एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस, नारायणचौर, नक्साल, काठमाडौ पुन: नियुक्तिको लागि ग्राह्य हुनु हुन्छ ।)

(४) संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको मिति २०७३ आषाढ मसान्तको चूक्ता पुंजी रू. ५०,००,००,०००। (पचास करोड) को ११।५८ (दशमलव पछाडीका दुई अंकलिंदा) प्रतिशतले हुन आउने रू. ५,७८,९४,७३७। नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिस माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने ।

ख. **बिशेष प्रस्ताव:**

(१) संचालक समितिबाट पारित भए बमोजिम बैंकको चुक्ता पुंजीको २० प्रतिशतले हुन आउने रू. १०,००,००,०००। (दश करोड) बोनश शेयर जारी गर्ने ।

(२) बैंकको जारी तथा चुक्ता पुंजी वृद्धि : प्रस्तावित बोनस शेयर जारी भए पश्चात पुंजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(३) बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन /परिमार्जन गर्ने ।

(४) बैंकको प्रबन्धपत्र संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

ग. **विविध ।**

५. **सभाको संचालन:**

सभाको संचालन बैंकका कम्पनी सचिव श्री कृष्ण राज चौधरीले गर्नु भएको थियो ।

६. **उपस्थिति:**

६.१ **कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरूप सभामा उपस्थित संचालकहरू:**

| | |
|---|---|
| १. श्री गणेश बहादुर थापा | अध्यक्ष |
| २. श्री सुशील जोशी | संचालक |
| ३. श्री टोप बहादुर रायमाझी | संचालक |
| ४. श्री राजेश गौतम | संचालक |
| ५. श्री अच्युतराज जोशी | संचालक |
| ६. श्री राम भक्त थापा | संचालक |

काठमाडौं २०५५

६.२ अन्य आमन्त्रित महानुभावहरूको उपस्थिति:

| | | |
|---|---|---|
| ६.२.१ | श्री डा. फत्त बहादुर के.सी | अध्यक्ष, बीमा समिति, पुर्व संचालक |
| ६.२.२ | श्री रेवत श्रेष्ठ | अधिकृत, नेपाल धितोपत्र बोर्ड |
| ६.२.३ | श्री विष्णु प्रसाद श्रेष्ठ | अध्यक्ष, निर्धन संस्था, काठमाण्डौं |
| ६.२.४ | श्री खेम राज खत्री | सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय |
| ६.२.५ | श्री दुर्गा प्रसाद ज्ञवाली | लेखापरीक्षक, एन.एमएस.ए.एम. एण्ड एशोसियट |
| ६.२.६ | श्री पिताम्बर प्रसाद आचार्य | कार्यकारी निर्देशक डिप्रोक्स नेपाल |
| ६.२.७ | श्री प्रकाश राज शर्मा | पूर्व महाप्रबन्धक: निर्धन उत्थान बैंक |
| ६.२.८ | श्री लिलानाथ घिमिरे | पत्रकार: अर्थ संसार |
| ६.२.९ | श्री रामेश्वर तिमिल्सीना | पत्रकार: अर्थको अर्थ |
| ६.२.१० | श्री सौरभ ढुङ्गेल | पत्रकार: एन.टि.भि. प्लस |
| ६.२.११ | श्री राम सुन्दर पौडेल | पत्रकार: एन.टि.भि. प्लस |
| ६.२.१२ | श्री अमृत अधिकारी | पत्रकार: नेपालवाणी |
| ६.२.१३ | श्री रोयल आचार्य | पत्रकार: बैकिङ्ग खवर |

६.३ कर्मचारीहरूको उपस्थिति:

सभामा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्त, नायब महाप्रबन्धक श्री भोज राज बश्याल, सहायक महाप्रबन्धक श्री राज नारायण दास, कम्पनी सचिव एब मुख्य व्यवस्थापक श्री कृष्ण राज चौधरी र मुख्य व्यवस्थापक श्री राम बहादुर चौधरी लगायत अन्य व्यबस्थापकिय, सहायक तथा सहयोगी स्तरका गरी कुल ७२ जना कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

७. गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार):

| विवरण | कित्ता | उपस्थिति | | | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयम् | प्रतिनिधि मार्फत | कुल | |
| विकी भएको शेयर कित्ता | ५०,००,००,००० | ३०६५,४८७ | ४३१,०१० | ३४९६४९७ | ६९.९३% |
| शेयरधनीहरू | २८४७ | १५१ | २ | १५३ | |

८. आसन ग्रहण:

सभामा उपस्थित संचालक समितिका अध्यक्ष, संचालकहरू, पूर्व संचालकहरू, बीमा समितिका अध्यक्ष, निर्धन संस्थाका अध्यक्ष, कम्पनी रजिष्ट्रार कार्यालयका सहायक रजिष्ट्रार, नेपाल धितो पत्र बोर्डका अधिकृत, विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरी पाल्नु भएका अतिथीहरू, लेखापरिक्षक, संस्थापक र सर्वसाधारण शेयरधनीहरूलाई सभा संचालकले आसन ग्रहण गराउनु भयो ।

९. सभाको बैधानिकता:

कुनैपनि कम्पनीको वार्षिक साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम साधारण सभा गर्नको निमित्त कम्तीमा एक्काइस दिन अगावै

शेयरधनीहरूलाई निजहरूले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा सभा हुने ठाउं, मिति र छलफल गर्ने बिषय खोली सूचना पठाउनु पर्ने प्रावधान रहेको छ । सो कुराको सूचना कम्तीमा दुईपटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ । सोही अनुसार यस बैंकको अठारौं वार्षिक साधारण सभामा छलफल हुने बिषयहरू एवं प्रस्तावहरू शेयरधनीहरूको घर ठेगानामा पठाउनुको साथै मिति २०७३ साल कार्तिक १८ गते बिहिबारको अभियान राष्ट्रीय दैनिक पत्रिकामा र मिति २०७३ साल कार्तिक १९ गते शुक्रबारको नागरिक राष्ट्रीय दैनिक पत्रिकामा सभा हुने स्थान, समय, मिति र छलफल हुने बिषयहरूको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

त्यस्तै कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या सम्बन्धमा कम्पनीको नियमावलीमा गणपुरक संख्याको लागि बढी संख्या तोकिएकोमा बाहेक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनी मध्ये कम्तीमा तीनजना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थित हुनुपर्ने व्यवस्था रहेको छ । यस कम्पनीको नियमावलीको नियम ५ मा साधारण सभाको गणपुरक संख्या पुग्न बिक्री भएको कुल शेयर संख्याको पचास प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ जना शेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्धारा उपस्थित नभई साधारण सभाको कारवाही सुरू हुने छैन भन्ने प्रावधान रहेको छ । सोही अनुरूप कम्पनीको यस अठारौं वार्षिक साधारण सभामा राखिएको हाजिरी पुस्तिका अनुसार कुल बिक्री भएको शेयर संख्या ५०,००,००० को ६९.९३ प्रतिशतको प्रतिनिधित्व हुने गरी स्वयं तथा प्रतिनिधी मार्फत् १५३ जना शेयरधनीहरूले ३४,९६,४९७ कित्ता शेयरको प्रतिनिधित्व गरी स्वयम् र प्रतिनिधी मार्फत् उपस्थित हुनुभएको पाइएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा रीतपूर्वक बोलाइएकोले यो साधारण सभा वैधानिक रहेको घोषणा कम्पनी सचिवले गर्नु भयो ।

तत्पश्चात् प्रचलित कानून बमोजिम सभा बैधानिक भएकोले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्ने व्यवस्था बमोजिम यस बैंकका संचालक समितिका अध्यक्ष श्री गणेश बहादुर थापा ज्यूलाई सभाको सभापतित्व ग्रहण गर्न कम्पनी सचिवले अनुरोध गर्नु भयो । सोही अनुसार कम्पनीको अठारौं वार्षिक साधारण सभाको सभापतित्व कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम अध्यक्ष श्री गणेश बहादुर थापा ज्यूले ग्रहण गर्नु भयो । तत्पश्चात् अध्यक्षज्यूबाट सभा संचालनको अनुमती लिई कम्पनी सचिवले सभालाई निरन्तरता दिनुभयो ।

१०. <u>स्वागत मन्तव्य</u>

बैंकका कम्पनी सचिव सभा संचालक श्री कृष्ण राज चौधरीले सभामा उपस्थित सम्पुर्ण शेयरधनहिरू, अतिथी, पत्रकार तथा कर्मचारीवर्गमा स्वागत गर्दै कार्यक्रमको शुभआरम्भ भएको थियो ।

११. <u>बार्षिक प्रतिवेदनको प्रस्तुतिः</u>

सभामा संचालकले बैंकका संचालक समितिका अध्यक्ष श्री गणेश बहादुर थापाज्यूलाई संचालक समितिको तर्फबाट आ.व. २०७२।७३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्नु भयो र सोही अनुसार सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू तथा अतिथीज्यूहरूलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलका बिषय सुची अनुसार आ.व. २०७२।७३ को संचालक समितिको तर्फबाट प्रतिवेदन पढेर सुनाउनु भयो र शेयरधनी महानुभावहरूको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि आह्वान गर्नुभयो ।

१२. **छलफलका लागि सहभागी शेयरधनी महानुभावहरू:**

छलफलका लागि प्रस्तुत विषयवस्तु उपर आफ्ना अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्न शेयरधनी महानुभावहरूले छलफलमा भाग लिनु भयो ।

१. श्री अमृत नाथ रेग्मी
२. श्री दामोदर प्रसाद रेग्मी
३. श्री डम्बरू बल्लभ घिमिरे
४. श्री बिनोद कुमार श्रेष्ठ

१३. **छलफलमा सहभागी हुने शेयरधनीहरूले प्रकट गर्नु भएका बिचारहरू:**

छलफलको क्रममा शेयरधनी बक्ताहरूले व्यक्त गर्नुभएको मन्तब्यलाई तल प्रस्तुत गरिएको छ ।

**शेयरधनी श्री अमृत नाथ रेग्मी:**

- कुल खर्चमा कर्मचारी खर्च बढी देखिएकोले खर्च कन्ट्रोल गर्ने सुझाव रहेको छ ।
- इन्भेष्टमा लगानी बढाउनु पर्‍यो ।
- अन्य आम्दानी बढाउन जोड दिनु पर्‍यो ।
- संस्था राम्रो रहेको छ यसलाई निरन्तरता दिनु पर्‍यो ।
- Cost of Fund लाई घटाउनु पर्ने ।
- अध्यक्षको मन्तव्यमा भविष्यको बारेमा र बैंकको भिजन उल्लेख गर्नु पर्ने ।
- FPO जारी गरि फण्ड संकलन गर्न सुझाव दिनु भयो ।
- अन्य बाणिज्य बैंकको एजेण्ट भइ कार्य गरि आम्दानी बढाउनु पर्ने ।
- नयां कार्य क्षेत्र विस्तार गर्नु पर्ने ।

**शेयरधनी श्री डमरु बल्लभ घिमिरे:**

- कम्पनी ऐनमा तोकिएको अन्तिम समय सिमा भन्दा पहिले नै साधारण सभा सम्पन्न गरी शेयरहोल्डरहरूलाई बोनस तथा लाभांश दिन सफल भएकोमा हार्दिक धन्यबाद ।
- प्रतिफल बढ्ने र घट्ने (उतार चढाव) भयो । स्थीर हुने गरी प्रतिफल दिने गर्नुपर्‍यो ।
- साधारण सभा शेयरधनीहरूको सभा भएको हुदा शेयरधनीहरूलाई बिशेष महत्व दिइ व्यवस्थापन गर्न सुझाव ।
- गरिवको उत्थान गर्ने काम संतोषप्रद ढंगले गरेको पाइएकोले खुशी लागेको छ ।
- साधारण सभा गर्ने परम्परागत तरिकालाई समय सपेक्ष परिवर्तन गर्नु पर्ने ।
- शेयरधनीहरूलाई मन्तब्य राख्दा समय सीमा नराख्न सुझाव ।
- अध्यक्षको प्रतिवेदन छोटो हुनुपर्ने ।
- बार्षिक प्रतिवेदनमा कार्यक्षेत्र स्पष्ट देखाउने नेपालको नक्शा राख्ने गरिएकोमा हटाउन नहुने।

**शेयरधनी श्री दामोदर रेग्मी:**

- सामाजिक काम गर्ने उद्वेश्यले स्थापना भएको संस्थाको साधारण सभामा धेरै सकारात्मक टिप्पणी गर्न सुझाव ।
- स्वर्गीय डा. हरिहर देव पन्तले ल्याउनु भएको यो लघुवित्त कार्यक्रमले गरीबहरूलाई अत्यन्तै राम्रो गरेको छ ।
- नाफा हुदा हुदै पनि शेयरधनीहरूलाई दिन सकिने प्रतिफल पनि नदिएको ।
- गत बर्ष भन्दा यो बर्ष फण्डको औषत ब्याज दर बढेको देखियो ।
- यस संस्थामा मेहनत पुर्वक काम गर्ने सबै कर्मचारीहरूलाई धेरै धेरै धन्यवाद ।

**शेयरधनी श्री बिनोद कुमार श्रेष्ठ:**

शेयरधनी बिनोद कुमार श्रेष्ठले आफ्नो बिचार कम्पनी सचिब समक्ष लिखित रूपमा पेश गरेकोमा अध्यक्ष ज्युको स्वीकृती लिई कम्पनी सचिवले वहांको बिचार सभामा पढेर सुनाउनु भयो । वहांको लिखित बिचार तपशिल बमोजिम रहेको छ:

"यस सभाका अध्यक्ष ज्यु, संचालकहरू र CEO मा हार्दिक अभिवादन । यस निर्धन उत्थान बैंकले गत वर्ष झै यो वर्ष पनि शेयरधनिहरूलाई २० प्रतिशत बोनस तथा ११.५७९ प्रतिशत नगद दिन सफल भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

व्यावसायिक कृषी खेती गर्ने किसानहरूलाई हाम्रो बैंकले के कस्तो कर्जा सुविधा दिन सकिन्छ होला र पहाडी जिल्लाहरूमा बैंकको शाखा मार्फत कर्जा उपलब्ध गराउनु हुन अनुरोध गर्दछु । धनकुटाको कृषकहरूलाई विकास बैंकले कर्जा दिन आनाकानी गरेकोले यो बैंक मार्फत कर्जा लगानी गरेमा कसो होला ।

कर्जाको बारेमा कृषकले नै विकास बैंकमा गएर धितो राखेर पनि कर्जा नदिंदा साहै दु:ख लागेर केही मन्तव्य लेख्न मन लागेर यो कुरा जानकारी गराउदै छु । हुन त विगतमा जस्तै प्रतिवेदनको अध्ययन गर्न पाएको छैन तर पनि मन लागेका कुराहरू मात्र यहांसामु राखेको छु ।

यस बैंकको साधारण सभाको सफलताको कामना गर्दै लिखित कुराहरू विसर्जन गर्दछु, धन्यवाद ।"

**१४. सभामा शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफ :**

अध्यक्षज्यूको अनुमति लिई बैंकका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्तले शेयरधनी महानुभावहरूको राय, सल्लाह, सुझाव र जिज्ञासा प्रति धन्यबाद दिदैं उठेका जिज्ञासाहरू प्रष्ट पार्नु भएको थियो र साथै शेयरधनी महानुभावहरूको राय, सल्लाह र सुझावमा आत्मसात गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

**१५. सभाको निर्णय:**

**(क) सामान्य प्रस्ताव सम्बन्धी निर्णय:**

**प्रस्ताव नं. १.** संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षज्यूको आर्थिक बर्ष २०७२/७३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

निर्धन उत्थान बैंक लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

**निर्णय:** सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट अनुमोदनका लागि प्रस्तुत आर्थिक बर्ष २०७२/७३ को वार्षिक प्रतिवेदन सभाले सर्बसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२.** लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७२।७३ को नाफा नोक्सान हिसाव, सोही अबधीको नाफा नोक्सान बांडफांड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तिय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

**निर्णय:** लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७२।७३ को नाफा नोक्सान हिसाव, सोही अबधीको नाफा नोक्सान बांडफाड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गरियोस भनी सभा समक्ष राखिएको प्रस्ताब सर्वसम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं.३.** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस बैंकको आर्थिक बर्ष २०७३।७४ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरिक्षण समितिबाट शिफारिस भए बमोजिम लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक श्री एनबिएसएम एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस, नारायणचौर, नक्साल, काठमाडौं पुनः नियुक्तिको लागि ग्राहय हुनुहुन्छ ।)

**निर्णय:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस बैंकको आर्थिक बर्ष २०७३।७४ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरिक्षण समिति बाट शिफारिस भए बमोजिम लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गरियो । (हाल बहालवाला लेखापरीक्षक श्री एनबिएसएम एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस, नारायणचौर, नक्साल, काठमाडौं पुनः नियुक्तिको लागि ग्राहय हुनुहुन्छ ।) भनी राखिएको प्रस्ताबमा लेखापरीक्षक श्री एनबिएसएम एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस, नारायणचौर, नक्साल, काठमाडौंलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा ( बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङफर्म अडिट, दफा ७८ प्रमाणित गर्न तथा अंग्रेजी अनुवाद समेत गर्न) भ्याट सहित रू.५,००,०००। पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मति बाट पारित गऱ्यो ।

**प्रस्ताब नं. ४.** संचालक समितिले प्रस्ताब गरे बमोजिम बैंकको मिति २०७३ आषाढ मसान्तको चुक्ता पुंजी रू.५०,००,००,०००। को ११.५८ (दशमलव पछाडी दुई अंक लिंदा) प्रतिशतले हुन आउने रु. ५,७८,९४,७३७। नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिस माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने ।

**निर्णय:** संचालक समितिले प्रस्ताब गरे बमोजिम बैंकको मिति २०७३ आषाढ मसान्तको चुक्ता पुंजी रू.५०,००,००,०००। को ११.५८ (दशमलव पछाडी दुई अंक लिंदा) प्रतिशतले हुन आउने रु. ५,७८,९४,७३७। नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशमा लाग्ने कर

समेत) बितरण गर्न गरेको सिफारिस माथि छलफल गरीयोस भनि राखेको प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

(ख) **विशेष प्रस्ताव सम्बन्धी निर्णय:**

प्रस्ताव नं.१: संचालक समितिबाट पारित भए बमोजिम बैंकको चुक्ता पूंजीको २० प्रतिशतले हुन आउने रु. १०,००,००,०००। (दश करोड) बोनश शेयर जारी गर्ने ।

निर्णय: संचालक समितिले प्रस्ताव गरे बमोजिमको बैंकको चुक्ता पूंजीको २० प्रतिशतले हुन आउने रु. १०,००,००,०००। (दश करोड) बोनश शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.२. बैंकको जारी तथा चुक्ता पूंजी बृद्धि : प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूंजी बृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

निर्णय: संचालक समितिको सिफारिस बमोजिम बैंकको चुक्ता पूंजीको २० प्रतिशतले हुन आउने रु. १०,००,००,०००। (दश करोड) बोनश शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत भए पश्चात् तिन महलेमा उल्लेख भए अनुसार बैंकको चुक्ता पुंजी रू.६०,००,००,०००। (साठी करोड) र सोही हदसम्म जारी पुंजी रू. ६०,००,००,०००। ( साठी करोड) पुऱ्याउने सम्बन्धी बिशेष प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं. ३. बैंकको प्रबन्धपत्रमा आबश्यक संशोधन/परिमार्जन गर्ने ।

निर्णय: साधारण सभामा प्रस्तुत भए अनुसारको तल तिन महलेमा उल्लेख भए बमोजिम प्रबन्धपत्रको दफा ५(ख)(ग)(घ)(ङ) मा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

### क. प्रबन्धपत्र संशोधन प्रस्ताव

| हालको व्यवस्था | पारित संशोधन | संशोधनको कारण |
|---|---|---|
| ५.कम्पनीको पुंजीको संरचना:<br>कम्पनीको पुंजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(ख)कम्पनीको जारी पुंजी रु.५०,००,००,०००।( रु.पचास करोड मात्र) हुनेछ ।<br>(ग)कम्पनीको हालको चुक्ता पुंजी रु. ५०,००,००,०००।०० (रु.पचास करोड मात्र) रहेको छ । | दफा ५. कम्पनीको पुंजीको संरचना:<br>कम्पनीको पुंजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(ख)कम्पनीको जारी पुंजी रु. ६०,००,००,००० (रु. साठी करोड मात्र) हुनेछ ।<br>(ग)कम्पनीको हालको चुक्ता पुंजी रु.६०,००,००,००० (रु. साठी करोड मात्र) रहेको छ । | कम्पनीको जारी तथा चुक्ता पुंजी बृद्धि हुने भएकोले । |
| ५.(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क"मा वर्गिकरण गरिएको छ । यो समूहका संस्थापक शेयरधनीहरुलाई निम्न बमोजिम तिन उपसमूहमा विभाजन गरिएको छ र ति उपसमूहहरुको शेयर स्वामित्व निम्नानुसार ६२.३६ (बैसट्ठी दशमलव तिन छ) प्रतिशत हुनेछ । | ५.(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क"मा वर्गीकरण गरिएको छ । यो समूहकाको शेयर स्वामित्व निम्नानुसार ७० (सत्तरी ) प्रतिशत हुनेछ । | ईन्टरनेशनल फाईनान्स कर्पोरेशनको शेयर संस्थापक समूहमा |

<table>
<tr>
<td>
<table>
<tr><th>संस्थापकको नाम</th><th>समूह "क" का उपसमूहहरु</th><th>स्वामित्व (प्रतिशतमा)</th></tr>
<tr><td>निर्धन संस्था वा ग्रामिण ट्रष्ट, बंगलादेशबाट</td><td>(क)</td><td>१४.५३ ( चौध दशमलव पांच तिन)</td></tr>
<tr><td>नविल बैंक लि.<br>हिमालयन बैंक ल.<br>एभरेष्ट बैंक लि.</td><td>(ख)</td><td>३६.२९ (छत्तिस दशमलव दुई नौ)</td></tr>
<tr><td>निजी क्षेत्रका व्यक्तिहरु</td><td>(ग)</td><td>११.५४ (एघार दशमलव पांच चार)</td></tr>
</table>
(ङ.)सर्वसाधारणमा विक्रि गरिने शेयरका शेयरधनीहरुलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व कम्तीमा ३७.६४ (सैतिस दशमलव छ चार) प्रतिशत हुनेछ । यस समूहको शेयरमध्ये बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीलाई छुटयाई संचालक समितिको निर्णय बमोजिम विक्रि गरिनेछ । यस समूहमा इन्टरनेशनल फाइनान्स कर्पोरेशन पनि पर्नेछ, जसको शेयर स्वामित्व ७.५४ प्रतिशत रहेको छ ।
</td>
<td>
<table>
<tr><th>संस्थापकको नाम</th><th>स्वामित्व (प्रतिशतमा)</th></tr>
<tr><td>निर्धन संस्था वा ग्रामिण ट्रष्ट, बंगलादेशबाट</td><td>१४.५३ (चौध दशमलव पांच तिन)</td></tr>
<tr><td>नविल बैंक लि.<br>हिमालयन बैंक लि.<br>एभरेष्ट बैंक लि.</td><td>३६.२९ (छत्तिस दशमलब दुई नौ)</td></tr>
<tr><td>निजी क्षेत्रका व्यक्तिहरु</td><td>११.५४ ( एघार दशमलब पांच चार)</td></tr>
<tr><td>ईन्टरनेशनल फाईनान्स कर्पोरेशन</td><td>७.५४ (सात दशमलव पांच चार</td></tr>
</table>
(ङ.)सर्वसाधारणमा विक्रि गरिने शेयरका शेयरधनीहरुलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व कम्तीमा ३० ( तिस) प्रतिशत हुनेछ । यस समूहको शेयरमध्ये बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीलाई छुटयाई संचालक समितिको निर्णय बमोजिम विक्रि गरिनेछ ।
</td>
<td>राख्नु परेकाले<br><br>नेपाल राष्ट्र बैंकले लघु वित्त वित्तीय संस्थाहरुलाई जारी गरेको एकिकृत निर्देशनको परिपालना गर्नु पर्ने भएकाले ।</td>
</tr>
</table>

**प्रस्ताबनं. ४.** बैंकको प्रबन्धपत्र संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आबश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**निर्णय:** बैंकको प्रबन्धपत्र संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आबश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गऱ्यो ।

**(ग) बिबिध:**

वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५(१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने व्होरा सभालाई जानकारी गराइयो ।

काठमाडौं २०५५

१६. <u>धन्यवाद तथा सभा विसर्जन</u>:

अन्तमा, अठारौं बार्षिक साधारण सभा सम्पन्न गर्नको लागि पुऱ्याउनु भएको सहयोग, सद्भाव र शेयरधनी महानुभावज्यूहरूको अमुल्य राय, सल्लाह, सुझाव तथा उपस्थितीको लागि हार्दिक धन्यबाद दिदैं सभापति ज्यूले दिंउसो १:०० बजे साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

(कृष्ण राज चौधरी)
कम्पनी सचिव

(गणेश बहादुर थापा)
अध्यक्ष